# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, चैत २५ गते २०४३ साल ( अतिरिक्ताङ्क ५५ (क)


## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उपनियम (१) बमोजिम राष्ट्र ऋण उठाउन यो सूचना प्रकाशित गरिएको छ ।

यो ऋणपत्रको नाम, जम्मा मूल्य, भुक्तानी अवधि, व्याजदर, व्याज भुक्तानी दिने समय र अन्य शर्तहरू निम्न बमोजिम खुलाइएको छ ।

१. ऋणपत्रको नामः यस ऋणको नाम "विकास ऋण २०५३ क" रहेको छ ।

२. निष्काशित ऋणको रकमः यो ऋणको जम्मा रकम रू. ३०,००,००,०००।– (रू. तीस करोड) मात्रको हुनेछ ।

३. ऋणको व्ययभारः यो ऋणपत्रको व्ययभार श्री ५ को सरकारको सर्वसंचित कोषप्रति हुनेछ ।

४. ऋणपत्रको बिक्री अवधिः यो ऋणपत्र २०४३ साल चैत्र २५ गते निष्काशन गरी सोही दिन बिक्री गरिनेछ ।

५. ऋणपत्रको बिक्री मूल्यः यो ऋणपत्र पूरापूर मूल्य (Face Value) मा निष्काशन गरिनेछ ।

८०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. ऋणपत्रको प्रकारः यो ऋणपत्र कम्तिमा रू. २५।– र बढीमा रू. २५ ले भाग गर्दा निःशेष हुने जतिसुकै माथिको रकमको निष्काशित रकममा नबढाई निष्काशन गर्न सकिनेछ ।

७. ऋणको ब्याजः ऋणको ब्याज नेपाल राष्ट्र बैंकमार्फत ऋणपत्र जारी गरिएका मिति अर्थात २०४३।१२।२५ देखि वार्षिक ८ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा ब्याज दिइनेछ ।

८. ऋणको साँवा भुक्तानीः यो ऋणपत्रको साँवा भुक्तानी २०५३ साल चैत्र २५ गतेदेखि दिइनेछ ।

९. ऋणको भुक्तानी दिने ठाउँः यो ऋणको साँवा नेपाल राष्ट्र बैंकमार्फत भुक्तानी हुनेछ ।

१०. ऋणसम्बन्धी व्यवस्थाः यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाई नेपाल राष्ट्र बैंक राष्ट्र ऋण विभागले गर्नेछ ।

११. ऋणपत्र खरिद गर्ने अधिकारः यो ऋणपत्र खरिद गर्ने अधिकार रू. १५ करोडका दरले नेपाल बैंक लि. र राष्ट्रिय वाणिज्य बैंकलाई मात्र हुनेछ ।

१२. कर नलाग्नेः यो ऋणबाट प्राप्त ब्याजमा आयकर छुट दिइएको छ ।

१३. ऋणसम्बन्धी कानूनी कारवाईः यो ऋणसम्बन्धी कानूनी कारवाई प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

८०२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।